annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७७ पृष्ठ ८ | काठमाडौं, मंगलबार ३१ असार २०८२ | श्रावण कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४५ | TUESDAY, JULY 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पालिकामा साँघुरा बजेट, फराकिला कार्यक्रम

एक वडा एक किलोमिटर सडक कालोपत्रे नीतिअनुसार तिलोत्तमा नगरपालिका रुपन्देहीले गरेको सडक कालोपत्रे। ● केशरराज क्षेत्री

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अघि सारिएका देशका केही पालिकाहरूको वार्षिक नीति, कार्यक्रम र बजेट यस्ता छन्, जसले नागरिक तहमा आशाको दियो जगाएको छ। नागरिक तहबाट प्रत्यक्ष निगरानी हुने भएकाले पनि पालिकाका जनप्रतिनिधिहरू बजेट ल्याउने बेला सचेत छन्। तर, जनप्रतिनिधिहरूको एउटै गुनासो छ, संघीय सरकारले दिने वित्तीय समानीकरणको अनुदानलाई बढाउनुपर्छ। स्थानीय सरकारलाई संघीय सरकारले पठाउने वित्तीय समानीकरणको कुल बजेटमध्ये ५ प्रतिशत मात्र पालिकामा पुग्ने गर्छ। बजेटका आकार साँघुरो भए पनि पालिकाका जनप्रतिनिधिहरूको मन फराकिलो हुँदा कार्यक्रमले मन जितेका हुन्।

**केशरराज क्षेत्री** | *बुटवल*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




# विपक्षीबिनै मधेसको बजेट पारित



**गोविन्द महतो** | *जनकपुरधाम*

मधेस सरकारले आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तुत गरेको ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेट पारित भएको छ। मधेस सरकारको बजेट बहिष्कारकाबीच सदनमा प्रतिपक्षी दलको शून्य उपस्थितिमा सत्तारुढ दलका सांसदहरूको उपस्थितिमा बहुमतले पारित भएको हो।

विगत ६ दिनदेखि लगातार विपक्षी दलका नेताहरूले विरोध गर्दै सदन अवरुद्ध पार्दै आएको तथा सभामुख रामचन्द्र मण्डलले पटक-पटक सत्ता र प्रतिपक्ष दललाई राखेर सहमति जुटाउन प्रयास गरे पनि प्रयास असफल भएपछि फास्ट ट्र्याकको अवधारणाबाट आगामी वर्ष २०८२/८३ को विनियोजन विधेयक पारित भएको हो।

प्रतिपक्षी दलहरू जनता समाजवादी पार्टी नेपाल, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टीले बैठक बहिष्कार गरेर संसद्बाट बाहिरिएका थिए। सोमबार बोलाइएको बैठकमा प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपालसहित सदनमा रहेका ६ वटै प्रतिपक्षी दलले बैठक बहिष्कार गरेपछि प्रतिपक्षी दल बिना बजेटमाथिको छलफल भएको थियो। प्रतिपक्षी मात्र नभई सत्तारूढ दलका सांसदहरूले पनि सरकारको बजेटमाथि प्रश्न उठाएका थिए।

सरकारले प्रदेशसभामा प्रस्तुत गरेको रेडबुक, सांसदलाई वितरण गरेको रेडबुक र सूचना प्रणालीमा लक भएको रेडबुकमा फरक देखिएको छ। सरकारले ४६१ पृष्ठको रेडबुक संसद्मा प्रस्तुत गरी सांसदलाई वितरण गरेको थियो। तर, सूचना प्रणालीमा ७५५ पृष्ठको रेडबुक छ। सत्तारूढ दलका सांसदहरू वीरेन्द्र सिंह, उपेन्द्र महतो, लखनलाल दाससहितका सांसदहरूले सरकारको बजेट तथा नीति तथा कार्यक्रममाथि प्रश्न उठाएका थिए।

कार्यदलमा रहेका प्रतिपक्षी दलका सांसदहरूले सरकारले सार्वजनिक गरेको आगामी आवको योजना पुस्तिका २०८२/८३ र योजना सूचना प्रणालीमा प्रविष्ट भएको योजना फरक रहेको आरोप लगाएका छन्। असार मसान्तसम्म बजेट पारित नभए नयाँ आर्थिक वर्ष साउन १ गतेबाट बजेट होलिडेमा पर्ने भएपछि सरकारले बजेट पास हतारमा गरेको हो।

**रेडबुकको २९४ पेज, ८ हजार योजना गायब**

मधेस सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको दुई थरी रेडबुक भेटिएको छ। सांसदहरूलाई बाँडिएको रेडबुकमा ७५५ मध्ये २९४ पेज गायब भएको भेट्टिएको हो। जसमा ८ हजार योजना समावेश छन्।

सत्तापक्ष लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उपेन्द्र महतोले भने, 'रेडबुकको २९४ पेज गायब पार्ने र संसद्लाई छलेर बजेट पास गराउन खोज्ने ? ७-आठौं वर्षसम्म यस्तो कहिले भएन। योजना लुकाएर ठूलो आर्थिक अपराध गरिएको छ। अर्थमन्त्रीले राजीनामा दिनुपर्छ। अर्को अर्थमन्त्री आएपछि मात्र हामी संसद्मा बस्छौं।' एउटा ३ अर्ब र अर्को ९७ करोड ६० लाखको कुपोषण शीर्षकको छुट भुक्तानीको विनियोजनमा पनि गडबडी भएको आरोप छ।

प्रदेशसभा बैठकमा जसपा नेपालका संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले रेडबुक नै दुई खालको बनाइएको र लगभग ८ हजार योजना लुकाएको दाबीसहित दुवै रातो किताब देखाए। बजेटको १० दिनपछि सांसदहरूलाई सदनमा रेडबुक बाँडिएको थियो, जुन रेडबुक ४६१ पेजको छ। तर, वास्तविक ७५५ पेजको रेडबुक देखाउँदै यादवले २९४ पेजका करिब ८ हजार योजना लुकाएर आर्थिक अपराध गरेको दाबी गरे।

सांसद महतोले ७५५ पेजको रेडबुक नभेटिए संसद् अबरुद्ध गर्ने चेतावनीसहित रोष्टमबाट बाहिरिए। उनले भने, 'मैले मेरो हातमा ७५५ पेजको रेडबुक भेटिन भने रोष्टम छोडदिन। हैन भने सभामुखमार्फत सरकारले मलाई ७५५ पेजको रेडबुक दिनुपर्‍यो।'

» बाँकी पृष्ठ ६

## इजरायली आक्रमणमा इरानी राष्ट्रपति घाइते

**तेहरान** (एजेन्सी) : इरानको सरकारी फार्स समाचार एजेन्सीका अनुसार गत महिना इजरायली आक्रमणमा देशका राष्ट्रपति मसुद पेजेस्कियान घाइते भएका थिए।

इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्ससँग नजिक रहेको फार्स समाचार एजेन्सीले राष्ट्रपति मसुद पेजेस्कियानले जुन १६ मा तेहरानको एक गोप्य भूमिगत सुविधामा सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को आपतकालीन बैठकमा भाग लिएको उल्लेख गरेको छ।

यस क्रममा इजरायलले गोप्य भूमिगत सुविधाको प्रवेश मार्गलाई ६ वटा बमले निसाना बनाएको थियो। रिपोर्टअनुसार राष्ट्रपति मसुद पेजेस्कियानको खुट्टामा चोट लागेको छ। फार्स रिपोर्ट प्रमाणित भएको छैन। इजरायलले



अहिलेसम्म रिपोर्टमा कुनै टिप्पणी गरेको छैन। गत साता मात्र इरानका राष्ट्रपतिले इजरायलले आफूलाई मार्ने प्रयास गरेको आरोप लगाएका थिए। उक्त आरोपलाई इजरायली रक्षामन्त्री इजरायल काट्जले अस्वीकार गरेका थिए।

# जिल्लाभरिका छाउगोठ भत्काउन निर्देशन

**शिवराज भट्ट** | *कञ्चनपुर*

- नगरपालिकाको पनि १५ दिने अल्टिमेटम
- छाउगोठ नभत्काए १० हजार जरिवानादेखि विद्युत् काट्ने चेतावनी

कञ्चनपुरको कृष्णपुर नगरपालिकामा छाउगोठमा सुतेकी महिलाको सर्पले टोकेर मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले ९ वटै पालिकालाई पत्राचार गर्दै जिल्लाभरिका छाउगोठ भत्काउन निर्देशन दिएको छ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले सोमबार जिल्लाभरिका ९ वटै स्थानीय तहहरूलाई सम्बोधन गर्दै छाउगोठ भत्काउने अभियानमा लाग्न पत्राचार गरेका हुन्। शनिबार राति कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ निगालीकी २८ वर्षीया कमला आउजीको छाउगोठमा सुतिरहेका बेला सर्पले टोकेर मृत्यु भएको थियो।

'हामीले सोमबार ९ वटै स्थानीय तहहरूलाई पत्राचार गरेका छौं। त्यहाँ रहेका सबै छाउगोठ भत्काउने अभियान सञ्चालनका लागि स्थानीय तहहरूलाई अनुरोध गरेका छौं। त्यसमा हाम्रो प्रहरी पनि सहभागी हुन्छ। यो कुप्रथा उन्मूलन गर्न अभियान नै सञ्चालन गर्नुपर्छ', प्रमुख जिल्ला अधिकारी ढकालले भने। प्रमुख जिल्ला अधिकारी ढकालले जारी गरेको पत्रमा भनिएको छ, 'कृष्णपुर नगरपालिका-१ की कमला आउजीको छाउगोठमा सुतिरहेको अवस्थामा सर्पले टोकेर मृत्यु भएको सन्दर्भमा यस जिल्लाका ९ वटै स्थानीय तहमा रहेका छाउगोठ हटाएर परम्परागत रूपमा रहेको कुप्रथा हटाउन आवश्यक देखिएकाले पालिकाबाट आवश्यक निर्णय गरी उक्त सामाजिक कुप्रथा अन्त्य गर्न छाउगोठ भत्काउने अभियान सञ्चालन गर्न गराउन अनुरोध छ।'

प्रखुम जिल्ला अधिकारी ढकाल र कृष्णपुरका मेयर हेमराज ओझा सोमबार मृतकको घरको निरीक्षणमा गएका थिए। कमलाको घरमा रहेको छाउपडी मर्मत



नगरेको भएकाले उनी जेठाजुको घरमा सुत्न गएकी थिइन्। सोमबार उनको जेठाजुको घरको छाउगोठ भने भत्काएको अवस्थामा थियो।

कमलाको शव सेती प्रादेशिक अस्पतालमा छ। आइतबार बिहान अस्पतालमै उपचारका क्रममा उनको ज्यान गएको थियो। कमलाको पहाड घर अछाम हो। उनको पूरै परिवार भारतमा बस्छ। भारतको कमाईले पक्की घर बनाएर तीन जना छोरालाई पढाउन कञ्चनपुर फर्केकी कमलाको शनिबार राति छाउगोठमा सर्पले टोकेपछि उपचारका क्रममा सेती प्रादेशिक अस्पतालमा मृत्यु भएको हो। अछामबाट तराई झरेका बासिन्दा अहिले पनि देवीदेवता रिसाउँछन् भन्ने अन्धविश्वासका कारण पक्की घर भए पनि छाउगोठमा बस्ने गरेका छन्। कमला पनि शनिबार आफ्नो घर नजिकैको छाउगोठ राम्रो नभएकाले नजिकै रहेको जेठाजुको छाउगोठमा सुतेकी थिइन्। उनको हालै बनाएको ५ कोठाको पक्की घर हुँदाहुँदै उनी परम्परा मान्ने नाममा जेठाजुको छाउगोठमा गएकी हुन्।

» बाँकी पृष्ठ ६